नेपाल सरकार
# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार

## प्रेष विज्ञप्ती

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(घ)(६) को व्यवस्था अनुसार २०७१ साल वैशाख २५ मा विस्तार भएका ७२ नगरपालिकाहरुको हकमा २०७३ साल बैशाख २५ गते र अन्यको हकमा २०७३ साल बैशाख मसान्त भित्र नगर सूचना केन्द्रको स्थापना गरी उद्घाटन गर्ने गरी नेपाल सरकार (मा. उपप्रधानमन्त्रीस्तर) बाट मिति २०७२।१२।२२ मा निर्णय भएको छ । नेपालका सबै नगरपालिकाले कार्यालय परिसर वा नगरपालिकाको केन्द्र रहेको स्थान वा नगरवासीहरुको पायक पर्ने उपयुक्त स्थानमा नगरपालिका, जिल्ला विकास समिति, स्थानीय उद्योग वाणिज्य संघ, स्थानीय जनता, गैरसरकारी संस्था तथा अन्य सरोकारवाला संघ संस्थाहरुको सहयोगमा नगर सूचना केन्द्र तथा पुस्तकालय संचालनमा ल्याउने, सोको जानकारी स्थानीय संचारका माध्यम र सामाजिक परिचालक मार्फत नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च लगायत अन्य सामाजिक संघ संस्था तथा नागरिकहरुलाई गराउने व्यवस्था मिलाउन नगरपालिकाहरुलाई निर्देशन दिएको छ । नगर सूचना केन्द्रमा साझा प्रकाशनसँग वा अन्य सम्वन्धित निकायसँग सहकार्य गरी नेपाली साहित्य, इतिहाँस, कला, संस्कृति आदि नेपाललाई परिचय गराउने पाठ्य सामग्रीहरु राख्ने, नगरपालिकासँग सम्वन्धित ऐन, नियम, निर्देशिकाहरु, नगरपरिषद्का निर्णयहरु, नगरपालिकाका चालु कार्यक्रमहरु, नगरपालिकाको स्रोत नक्सा, नगर विकास योजना, नगरस्तरीय यातायात गुरुयोजना, अन्तिम लेखापरीक्षण प्रतिवेदन, राजस्वका दरहरु, भवन निर्माण सम्वन्धी मापदण्ड, बालमैत्री स्थानीय शासनका सूचकहरु, वातावरणमैत्री स्थानीय शासनका सूचकहरु, कार्य सम्पादन सम्झौताका सूचकहरु, बेरुजू विवरण, नगर प्रोफाइल आदि बिषयका सूचनाहरु अद्यावधिक गरी राख्नुपर्नेछ । साथै, जिल्ला विकास समितिले नगरउन्मुख गाविसहरुमा माथि उल्लेख गरिएको जस्तै गाविस सूचना केन्द्रको स्थापना गर्न पहल गर्ने, जिल्ला भित्र रहेका नगरपालिकाहरुलाई नगर सूचना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने सम्वन्धमा नगरपालिकाको माग बमोजिमको सहयोग उपलब्ध गराउने, जिल्ला भित्रका नगरपालिकाहरुले स्थापना गरेको नगर सूचना केन्द्रको सम्वन्धमा आवश्यक अनुगमन गर्ने जिम्मेवारी जिल्ला विकास समितिहरुलाई दिएको छ ।

नोट : नगर सूचना केन्द्र स्थापना सम्वन्धी विस्तृत विवरण र यसको अवधारणा पत्र यस मन्त्रालयको वेव पेज http://www.mofald.gov.np/ne/node/667 मा उपलब्ध छ ।

(सीता परियार)
सहायक प्रवक्ता/उप सचिव
२०७२।१२।२३